CDO-KTM Reg. 355, SWC Reg. 26156

# GoGo Foundation

## असल शासन फाउण्डेशन (Good Governance Foundation)

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process

Our Ref:

मिति: २०७२ साउन ३

*श्रीमान सभापतिज्यू,*
*नागरिक सम्बन्ध तथा संविधान सुझाव समिति*
*संविधानसभा, काठमाडौं*

**विषय: संविधानसभा समक्ष सुझाव पेश गरिएको बारे ।**

श्रीमान सभापतिज्यू,

त्यस सम्मानित सभाबाट हालै जारी गरिएको सार्वजनिक आह्वानको सम्मान गर्दै GoGo Foundation र यसका साझेदार संस्थाहरूको तर्फबाट यो सुझाव पेश गरिएको छ । त्यसैले भ्रष्टाचार न्यूनीकरण गरी सुशासन अभिवृद्धि गर्न मस्यौदा संविधानका विभिन्न धारा तथा उपधाराहरू परिमार्जन गर्नुपर्ने देखिकाले नयाँ संविधान निर्माणमा सहयोग पुगोस भन्ने हेतुले निम्नानुसार सुझावसहितको धारणा संविधान सभासमक्ष पेस गरिएकोछ :

| संविधानको पहिलो मस्यौदामा गरिएका व्यवस्था | GoGo Foundation को तर्फबाट मस्यौदा संविधानमा परिमार्जनका लागि दिइएको सुझाव | GoGo Foundation को तर्फबाट सुझाव दिनुका कारणहरू |
|---|---|---|
| *धारा २३८.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार:* "कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले *"भ्रष्टाचार"* गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानुनबमोजिम | *आयोगको क्षेत्राधिकार:*<br><br>अख्तियारलाई २०४७ सालदेखि नै संवैधानिक रूपमा *"अनुचित कार्य र भ्रष्टाचार"* सम्बन्धी अनुसन्धान, तहकिकात र अभियोजन गर्ने अधिकार दिएको तर अब बन्न लागेको नयाँ संविधानमा त्यस्तो अधिकार कटौती गरेको पाइएकाले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।<br><br>त्यसैले नयाँ संविधानमा अख्तियारलाई *"अनुचित कार्य र भ्रष्टाचार"* सम्बन्धी विषयमा अनुसन्धान र अभियोजन गर्ने विद्यमान अधिकारलाई निरन्तरतासहित थप अधिकार सम्पन्न गराउनुपर्ने अवस्थामा | "भ्रष्टाचार हो वा अनुचित कार्य" हो भन्ने यथार्थतालाई अनुसन्धानबाट मात्रै निर्धारण हुने भएकाले यसलाई छुट्याउन् हुँदैन । "भ्रष्टाचार" हेर्ने एउटा निकाय र "अनुचित कार्य" हेर्ने अर्को निकाय भएमा त्यस्ता निकाय बिच द्वन्द्व बढ्नुका साथै वर्तमान संविधानले भ्रष्टाचारको विषयमा "पश्चगामी" व्यवस्थाले दूरगामी असर पार्ने भएकाले अख्तियारको विद्यमान अधिकारमा कटौती गर्नुहुँदैन ।<br><br>*UNCAC को धारा १९: कर्तव्यको दुरूपयोग सम्बन्धी व्यवस्था निम्नानुसार गरिएको छ:*<br>"प्रत्येक राज्यपक्षले कुनै सार्वजनिक अधिकारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा आफू वा अन्य कुनै व्यक्ति वा निकायलाई अनुचित लाभ प्राप्त हुने गरी कानूनको उल्लंघनद्वारा कुनै काम गरेर वा नगरेर कर्तव्य वा पदको दुरूपयोग मनसायपूर्वक गरेको कार्यलाई आवश्कता अनुसार फौजदारी कसुर स्थापित गर्न विधायिकी वा अन्य |



PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org

Our Ref:

| संविधानको पहिलो मस्यौदामा गरिएका व्यवस्था | GoGo Foundation को तर्फवाट मस्यौदा संविधानमा परिमार्जनका लागि दिइएको सुझाव | GoGo Foundation को तर्फवाट सुझाव दिनुका कारणहरू |
|---|---|---|
| अनुसन्धान गर्न वा गराउन सक्नेछ।" | दिएको अधिकार कटौती गर्नु मुलुकको हितमा नहुने भएकाले यसको विकल्प सोच्नु हुँदैन। | उपायहरू अवलम्वन गर्ने वारेमा विचार गर्ने छ।" |
| धारा २३८.१ को प्रतिवन्धात्मक वाक्य ("तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन"। | भ्रष्टाचारको विषयमा कसैले उन्मुक्ति पाउनु हुँदैन भन्ने विश्वव्यापी मान्यता रहेको छ। तर नयाँ संविधानमा "अदालतका न्यायाधीश, नेपाली सेना, संवैधानिक निकायका पदाधिकारी, मन्त्रिपरिषदको निर्णय र नीजि क्षेत्र"लाई अख्तियारको अनुसन्धानको दायराभन्दा वाहिर राखिएकाले धारा २३८.१ को प्रतिवन्धात्मक वाक्यांश पूर्ण रूपमा हटाएर अख्तियारले अनुसन्धान गर्न पाउने व्यवस्था गर्नुपर्दछ। | UNCAC धारा २ मा भ्रष्टाचारसम्वन्धी कानुनी कारवाही गर्दा सार्वजनिक पदाधिकारीको व्याख्या यसरी गरिएको छ :<br><br>(क) "सार्वजनिक अधिकारी" भन्नाले (१) जुनसुकै वरिष्ठताको भए पनि कुनै राज्यपक्षको विधायिकी, कार्यकारी, प्रशासनिक वा न्यायिक कार्यालयमा नियुक्त वा निर्वाचित भई, स्थायी वा अस्थायी रूपमा रही पारिश्रमिक पाई वा नपाई, कुनै पदमा वहाल रहेको व्यक्ति" भनि व्याख्या गरिएकाले नयाँ संविधानमा अन्यथा व्यवस्था गर्नु नेपालले अनुमोदन गरिसकेको अन्तर्राष्ट्रिय कानुन विपरीत हुनेभएकाले धारा २३८.१ को प्रतिवन्धात्मक वाक्यांश हटाउनु उपयुक्त हुन्छ। |
| | विगत लामोसमयदेखि नेपालमा भ्रष्टाचार हेर्ने वहुसंस्था (Multi-Agencies) को अभ्यास गरिएकाले प्रभावकारी हुन सकेन। त्यसैले अव अख्तियारलाई "भ्रष्टाचार र अनुचित कार्य" हेर्ने विशिष्टिकृत संस्थाको रूपमा स्थापना गर्न "सम्पत्ति सुद्धिकरण अनुसन्धान विभाग र राजश्व अनुसन्धान विभाग"लाई अख्तियार मातहत ल्याउने वा छुट्टै व्यवस्था गर्नुपर्दछ। | "सम्पत्ति सुद्धिकरण अनुसन्धान विभाग र राजश्व अनुसन्धान विभाग"लाई अर्थमन्त्रालयअन्तर्गत राखिंदा स्वार्थको द्वन्द्व हुने भएकाले अख्तियार जस्तो संवैधानिक निकायअन्तर्गत राख्दा त्यस्तो द्वन्द्ववाट मुक्त गर्न सकिन्छ।<br><br>**साथै UNCAC को धारा ३६: विशिष्टिकृत निकायका वारेमा यस्तो व्यवस्था छ:** "प्रत्येक राज्यपक्षले आफ्नो मुलुकको कानुनी प्रणालीका आधारभूत सिद्धान्त अनुरूप हुनेगरी कानुन कार्यान्वयनको माध्यमवाट भ्रष्टाचारको प्रतिरोध गर्नका लागि विशिष्टिकृत निकाय वा निकायहरू वा व्यक्तिहरूको अस्तित्व सुनिश्चित गर्नेछ। यस्ता निकाय वा निकायहरू वा व्यक्तिहरूलाई राज्यपक्षको कानुनी पद्धतिका आधारभूत सिद्धान्त अनुरूप उनीहरूको आफ्ना कार्य प्रभावकारी रूपमा र अनुचित प्रभावविना सम्पन्न गर्नसक्ने |



PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org

Our Ref.

| संविधानको पहिलो मस्यौदामा गरिएका व्यवस्था | GoGo Foundation को तर्फबाट मस्यौदा संविधानमा परिमार्जनका लागि दिइएको सुझाव | GoGo Foundation को तर्फबाट सुझाव दिनुका कारणहरू |
|---|---|---|
| | | गरी आवश्यक स्वतन्त्रता प्रदान गरिनेछ ।"<br><br>UNCAC *धारा ६५: महासन्धिको कार्यान्वयन* का लागि यस्तो व्यवस्था गरेको छ : ६५.१ प्रत्येक राज्यपक्षले भ्रष्टाचारको निवारण र प्रतिरोधका लागि यस महासन्धिले व्यवस्था गरेकोभन्दा थप ***"कठिन र कठोर"*** उपायहरू अवलम्बन गर्न सक्नेछ । |
| **धारा २८४ संवैधानिक निकायको कामकारवाहीको अनुगमन र मूल्यांकन ।**<br>"संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्नेछ । संवैधानिक निकायको कामकारवाहीको ***"अनुगमन"*** र ***"मूल्यांकन"*** प्रतिनिधिसभाको सम्वन्धित समितिवाट हुनेछ। | संवैधानिक निकायका पदाधिकारीले गर्ने कामकारवाहीको ***"अनुगमन"*** गर्ने अधिकार संसदीय समितिलाई दिइए तापनि ***"मूल्यांकन"*** गर्ने अधिकार भने दिनु हुँदैन । यसो गरिएमा संवैधानिक स्वायत्तता अवरूद्ध हुनेछ ।<br><br>संवैधानिक निकायहरूको स्वतन्त्राको सुनिश्चितता अभिवृद्धि गर्न छुट्टै संवैधानिक निकाय कर्मचारी सेवासमूहको गठन गर्नुपर्छ । साथै बजेट पनि मुलुकको वार्षिक बजेटको निश्चित प्रतिशत संवैधानिक निकायलाई दिने व्यवस्था भएमा ति निकायहरू सरकारको नियन्त्रण र प्रभाववाट मुक्त हुन्छन् । | आयोगहरूमा निजामति कर्मचारी पदस्थपना गर्नुको सट्टा एउटा छुट्टै "सवैधानिक निकाय कर्मचारी सेवाआयोग" स्थाना गरेर वार्षिक बजेटको निश्चित प्रतिशत संवैधानिक निकायहरूले पाउने व्यवस्था हुँदा संवैधानिक निकायहरूको गरिमा र विश्वसनीयतामा बढोत्तरी आउने छ ।<br><br>विगत लामोसमयदेखि नेपालमा स्थापना भएका संवैधानिक निकायहरू सरकारले नियन्त्रण र प्रभावमा पर्दै आएको गुनासो विद्यमान छ । अहिलेपनि सरकारले नै ती निकायहरूमा "बजेट र कर्मचारी" तोक्ने भएकाले संवैधानिक निकायहरूको स्वायत्तता र स्वच्छताका बारेमा प्रश्न उठ्दै आएकाले अब बन्ने नयाँ संविधानमा यो गुनासो निराकणका लागि छुट्टै व्यवस्था हुनु जरूरी छ । |
| **धारा ३२: सूचनाको हक:**<br><br>"प्रत्येक नागरिकलाई | प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै विषयको ***"सूचना माग्ने, प्राप्त गर्ने र प्रवाह गर्ने"*** हक हुनेछ भन्नु उपयुक्त हुन्छ । | नागरिकले प्राप्त गरेको सूचना प्रवाहलाई सुनिश्चित गर्नका लागि सूचना माग्ने र प्राप्त गर्ने मात्र नभई प्रवाह गर्नेसम्मको अधिकार दिनाले समाज वढि खुला, पारदर्शी र जिम्मेवारी लिने संस्कारको विकास हुनेछ । |



PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org

CDO-KTM Reg. 355, SWC Reg. 26156

# GoGo Foundation

## असल शासन फाउण्डेशन (Good Governance Foundation)

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process

Our Ref

| संविधानको पहिलो मस्यौदामा गरिएका व्यवस्था | GoGo Foundation को तर्फबाट मस्यौदा संविधानमा परिमार्जनका लागि दिइएको सुझाव | GoGo Foundation को तर्फबाट सुझाव दिनुका कारणहरू |
|---|---|---|
| आफ्नो वा सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ ।" | सूचनाको हकको पूर्णसंरक्षण, संवर्द्धन र विकास गर्नका लागि कानुनद्वारा स्थापित वर्तमान राष्ट्रिय सूचना आयोगलाई संवैधानिक हैसियतसहितको ***"संघीय सूचना आयोग"*** बनाउन संविधानमा थप्ने व्यवस्था हुनुपर्दछ । | सूचनाको हक प्रत्याभूतिका लागि सूचना आयोगलाई संवैधानिक हैसियत प्रदान गर्नु अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको लोकतान्त्रिक उदारता देखिनुका साथै ऐतिहासिक उदाहरण स्थापित हुनेछ । हामी अन्तर्राष्ट्रिय सिकाईलाई नेपालमा आयात गर्ने मात्रै नभई हाम्रो लोकतान्त्रिक अभ्यासबाट प्राप्त अनुभवबाट अरू मुलुकले पनि सिक्न सक्छन् भन्ने सन्देश प्रवाह गर्न सफल हुनेछौं । |

*GoGo Foundation* साझेदार संस्थाहरूको तर्फबाट

.........................

केदार खड्का

अध्यक्ष

*GoGo Foundation*

मोवाइल नं: ९८५१०७२२२५



PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org